## पुर्चौंडी नगर कार्यपालिकाको ७७औं बैठक

आज मिति २०८० साल फागुन ०९ बुधबारका दिन यस पुर्चौंडी नगरपालिकाका नगर प्रमुख **श्री दीपक बहादुर बम** ज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको ७७ औं बैठक तपसिलमा उल्लेखित नगरकार्यपालिकाका सदस्य ज्यूहरुको समुपस्थितिमा तपसिलका प्रस्तावहरु उपर छलफल गरि निम्न बमोजिमका निर्णयहरु पारित गरियो ।

**तपशिल**

| सि.नं. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री दीपकबहादुर बम | नगर प्रमुख | पु.न.पा.-१ | ९८५८४२३५०५ | |
| २. | श्रीमति मिनाधानुक | नगर उप-प्रमुख | पु.न.पा.-१ | ९८५८४९०१४४ | |
| ३. | श्री गणेश बहादुर गडाल | वडा अध्यक्ष | पु.न.पा.-१ | ९८६८७७९१५५ | |
| ४. | श्री चक बहादुर बम | वडा अध्यक्ष | पु.न.पा.-२ | ९८६४६५४०८६ | |
| ५. | श्री खगेन्द्र बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा.-३ | ९८६८७७४२३१ | |
| ६. | श्री दिलबहादुर धानुक | वडा अध्यक्ष | पु.न.पा.-४ | ९८४८५३३४८३ | |
| ७. | श्री नागी सिंह खडायत | वडा अध्यक्ष | पु.न.पा.-५ | ९८६३०९८४४० | |
| ८. | श्री नरेन्द्र बहादुर साउद | वडा अध्यक्ष | पु.न.पा.-६ | ९८४८९९६५४६ | |
| ९. | श्री धिरेन्द्र बहादुर बम | वडा अध्यक्ष | पु.न.पा.-७ | ९८४८८०१९८१ | |
| १०. | श्री बिर वहादुरबोहरा | वडा अध्यक्ष | पु.न.पा.-८ | ९८४८७८७२१४ | |
| ११. | श्री रम्वा बोहरा | वडा अध्यक्ष | पु.न.पा.-९ | ९८६८५९३८९६ | |
| १२. | श्री हिक्मत बहादुर विष्ट | वडा अध्यक्ष | पु.न.पा.-१० | ९८६८४९४७५३ | |
| १३. | श्री ऐते लहार | दलित सदस्य | पु.न.पा -३ | ९७४२९१५०१२ | |
| १४ | श्री अस्मिता पार्की | दलित सदस्य | पु.न.पा -५ | ९८६८३०६०६२ | |
| १५ | श्री बागमति चुनारा (लुहार) | दलित सदस्य | पु.न.पा -४ | ९८६५८८६५७३ | |
| १६ | श्री मानमति चन्द (बम) | महिला सदस्य | पु.न.पा -८ | ९८६८५९२३४६ | |
| १७ | श्री प्रमिला साउद | महिला सदस्य | पु.न.पा -६ | ९७४५५८४३११ | |
| १८ | श्री लक्ष्मी विष्ट | महिला सदस्य | पु.न.पा -१० | ९८६५६४५७२२ | |
| १९ | श्री धानाकुमारी महरा (ऐर) | महिला सदस्य | पु.न.पा -७ | ९८६५६७९९१४ | |
| २० | श्री थेपडी धामी | महिला सदस्य | पु.न.पा -१ | ९८६९५०५८९२ | |
| २१. | श्री विनोद कुमार कुंवर | सदस्य सचिव | पु.न.पा | ९८५८७९०२८२ | |
| २२ | श्री रामीसिंह रतोकी | का.वा.अ. | पु.न.पा.७ | ९८६३०९८४५४ | |
| २३ | | | | | |
| २४ | | | | | |

नगर प्रमुख

**क.प्रस्तावहरु:-**

१ करार चिकित्सकको सेवा सुविधा सम्बन्धमा।
२ नेत्र सहायक करार सेवामा पदपुर्ति सम्बन्धमा।
३ स्वास्थ्य चौकी/बर्थिङ्ग सेन्टर मर्मत सम्भार सम्बन्धमा।
४ घ वर्गको ईजाजत पत्र सम्बन्धमा।
५ थप कक्षा संचालन अनुमती सम्बन्धमा।
६ खानेपानी योजना माग तथा सिफारिस सम्बन्धमा।
७ कार्यविधि/मापदण्ड स्विकृत गर्ने सम्बन्धमा।
८ योजनाको नाम संसोधन सिफारिस सम्बन्धमा।

**ख. निर्णयहरु:-**

**१.** प्रस्ताव नं.१ माथि छलफल गर्दा यस नगरपालिकाले करार सेवामा पदपुर्ति गर्न लागेको चिकित्सकको मासिक सेवा सुविधा देहायबमोजिम उपलब्ध गराउने:-

क. मासिक पारिश्रमिक (तलब स्केल,ननप्राक्टिस भत्ता तथा प्रोत्साहान भत्ता समेत) रु.१०००००(एक लाख मात्र) र नियमानुसारको चाँडबाँड खर्च तथा पोषाक खर्च।

ख. अन्य सूविधा:- निवास, खाना तथा भान्छे सहयोगी ब्यवस्थापन।

**२.** प्रस्ताव नं. २ मा छलफल यस नगरपालिका अन्तर्गत संचालनमा रहेको पुर्चौडी आँखा उपचार केन्द्रमा नेत्र सहायक पदमा ततकाल पूर्ति गर्नु पर्ने अवस्था भएको तर लोकसेवा प्रक्रियामा बैकल्पिक तथा अस्थाई सुचिमा रहेको ब्यक्तिलाई करार सेवामा नियुक्त गर्न हाल सो पदमा संघीय लोकसेवाआयोग र प्रदेश लोकसेवा आयोगले स्थाई पदपूर्ति गर्ने गरेको नपाईएकोलेयस नगरपालिकाको करार कर्मचारी पदपूर्ति सम्बन्धि कार्यविधि संग नबाझिने गरि मान्यता प्राप्त संस्थाको विज्ञतामा परिक्षा संचालन भै सरकारी निकायमा बैकल्पिक सुचिमा रहेका उम्मेदवार भए कार्यालयले मनासिव देखे संक्षिप्त प्रक्रिया बाट नेत्र सहायक करार नियुक्त गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो

**३.** प्रस्ताव नं. ३ मा छलफल हुदा चालु आ ब मा संचालन हुने गरि प्राप्त भएको संघिय सरकार विशेष अनुदान तर्फ बर्थिंग सेन्टर सुदृढिकरण तथा नवशिशु मृत्यु अनुसन्धान कार्यक्रम संचलनका लागि आवश्यकता पहिचानका आधारमा केहि बर्थिङ्ग सेन्टरहरुको मर्मत सम्भार कार्य गर्नु पर्ने भएकाले लागत अनुमान अनुसार कार्यसंचालन गर्न सम्बन्धित स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिहरुलाई जिम्मेवारी प्रदान गर्ने।

४. प्रस्ताव नं. ४ मा छलफल हुदा पु न पा वार्ड नं ५ वस्ने भुवन कुवरले श्री क्रिस्टल कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि नामबाट निर्माण ब्यवसाय संचालन गर्न ईजाजत पत्रका लागि आवश्यक प्रकृया पुरा गरि फायल पेश गरेकोमा घ बर्ग को ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं. ५ मा छलफल हुदा नगरपालिका अन्तर्गत रहेको श्री डिलाशैनी आ.वि. (१-८) मल्लादेहि पु. न. पा. ८ लाई नया शैक्षिक शत्र २०८१ देखि संचालन हुने गरि मा. वि. कक्षा ९ संचालन अनुमती प्रदान गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ मा छलफल हुदा यस नगरपालिका अन्तर्गत वडा नं ८ मल्लादेहि टोलमा धेरै बर्ष देखि खानेपानीको समस्या रहेको र उक्त स्थानमा अन्य विकल्पबाट खानेपानी उप्लब्ध हुन नसक्ने भएकाले लिफ्ट प्रविधिबाट संचालन हुने गरि विस्तृत परियोजना प्रतिवेदन(DPR) समेत तयार पारिएको मल्लादेहि बृहत खानेपानी योजना पु न पा ८ बैतडीलाई कार्यान्वयनका लागि संघीय खानेपानी मन्त्रालय सिंहदरवार काठमाण्डौंलाई योजना माग गर्ने निर्णय गरियो

७. नगरपालिका अन्तर्गत विभिन्न शाखाहरुबाट पेश भएका देहाय बमोजिमका कार्यविधि निर्देशिका तथा मापदण्डहरु स्विकृत गर्ने निर्णय गरियोः-

(क) स्वास्थ्य शाखाबाट पेश भएकोः नवशिशु मृत्यु अनुसन्धान कार्यक्रम संचालन तथा ब्यवस्थापन मापदण्ड २०८०।

(ख) महिला तथा बालबालिका शाखाबाट पेश भएकोः महिला संजाल गठन तथा परिचालन कार्यविधि २०८०।

८. प्रस्ताव नं. ८ मा छलफल हुदा सामाजिक विकास मन्त्रालय सुदुरपश्चिम प्रदेश धनगढी बाट चालु आ ब २०८०/०८१ को लागि यस नगरपालिका ५ नं वडा अन्तर्गत श्री अमरज्योती आ वि ढुंग चौरवाटामा संचालन हुने गरि स्थानिय तह वित्तिय हस्तान्तरण अन्तर्गत शसर्त अनुदान स्वरुप विनियोजन भई रातो कितावमा योजनाको नाम अम्मर मा बि शौचालय निर्माण पुर्चौंडी गापा ७ बैतडी भएकोमा सो योजनाको नाम तथा ठेगाना फरक परेकोले उक्त योजनाको नाम श्री अमरज्योती आ वि शौचालय निर्माण पुर्चौंडी न पा ५ बैतडी कायम गरि दिन सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

श्रदेय नगर प्रमुख ज्यू को आदेशानुसार बैठक सम्पन्न गरियो।

२०८० फागुन ०९ गते मंगलवार शुभम्

नगर प्रमुख